नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## विज्ञप्ति

मिति २०७९/०२/२३ गते विहान ०८:५० बजे बर्दिया जिल्लाको मधुवन नगरपालिका वडा नं. २ सोनाहा बस्ने अन्दाजी वर्ष ४१ की अस्मिता थारु आफ्नो घर देखि करिब १०० मिटर दक्षिण तर्फ खेतबारीमा खनजोत गरी रुखको छहरीमा बसेको अवस्थामा सोनाहा फाँटा वनबाट आएको बाघले निजलाई पछाडिबाट आक्रमण गरी घाइते बनाएकोले उपचारको लागि नेपालगञ्ज तर्फ पठाइएको ।

बाघ आक्रमणलाई नियन्त्रण गरिनु पर्ने, तारजालीको व्यवस्था हुनु पर्ने लगायतका विभिन्न माग राखी स्थानीयहरुबाट हुलाकी सडक-खण्डमा अवरोध गरिएकोमा दिउँसो ३:४५ बजेको समयमा बर्दिया राष्ट्रिय निकुञ्जबाट रेञ्जर र सुरक्षाकर्मी सहितको टोली बाघ नियन्त्रणको लागि घटनास्थलतर्फ खटिएको थियो ।

सुरक्षाकर्मीहरुबाट अवरुद्ध राजमार्ग खुलाउनका लागि आवश्यक समन्वय भइरहेको अवस्थामा बेलुका ६:१५ बजेतिर आक्रोशित भीडले सुरक्षाकर्मी उपर आक्रमण गरे पश्चात स्थिति नियन्त्रणमा लिन अश्रु ग्याँस प्रयोग गर्दा समेत स्थिति नियन्त्रण हुन नसकेपछि हवाई फायर खोल्ने क्रममा स्थानीयवासी दुलारे थारुको छोरी नबिना थारुलाई गोली लागि घाइते भएकोमा उपचारको क्रममा अस्पतालमा मृत्यु भएको छ । यस क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका गरी २० जना सुरक्षाकर्मी समेत घाइते भएका छन् । साथै स्थानीयवासी १ जना घाइते भई नेपालगञ्ज नर्सिङ्ग होममा उपचार भइरहेको छ ।

उक्त घटनाका सम्बन्धमा स्थलगत रूपमा छानबिन गर्न गृह मन्त्रालयका सहसचिव श्री हरि प्रसाद घिमिरेको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गरी ७ दिनभित्र प्रतिवेदन पेश गर्न कार्यदिश प्रदान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

### देहाय

| | |
|---|---|
| श्री हरि प्रसाद घिमिरे, सहसचिव, गृह मन्त्रालय | -संयोजक |
| श्री वेद कुमार ढकाल, उप महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य |
| श्री कृष्ण कोइराला, प्रहरी उपरीक्षक, नेपाल प्रहरी | -सदस्य |
| श्री विकास पाण्डे, उप अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| श्री ध्रुब बहादुर खड्का, उपसचिव, गृह मन्त्रालय | -सदस्य |

२०७९।२।२४

फणिन्द्रमणि पोखरेल

सहसचिव/प्रवक्ता

मितिः २०७९/०२/२४